जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ | जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०२ | २०८३ साल असार ०४ गते बिहीवार | Thursday-18-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## पचरौता नगरपालिकामा करार कर्मचारीको भरमार, कानुन बिपरित ७५ कर्मचारी राखेर २ करोड ७४ लाख खर्च

*शु.आ. सम्बाददाता*
*कलैया, ०३ असार*




बारा जिल्लाको पचरौता नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था विपरीत ठूलो संख्यामा करार कर्मचारी नियुक्त गरी लाखौं रुपैयाँ खर्च गरेको तथ्य सार्वजनिक भएको छ। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले नगरपालिकाको कर्मचारी व्यवस्थापनमा गम्भीर प्रश्न उठाएको छ। प्रतिवेदनअनुसार नगरपालिकाले विभिन्न ११ वटा पदमा ७५ जना कर्मचारी करारमा नियुक्त गरी २ करोड ७४ लाख रुपैयाँ खर्च गरेको देखिएको छ। जबकि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्र, कार्यबोझको विश्लेषण तथा संगठन एवं व्यवस्थापन (ओ एण्ड एम) सर्वेक्षणका आधारमा मात्रै कर्मचारीको दरबन्दी प्रस्ताव गर्न सक्ने स्पष्ट व्यवस्था गरेको छ।

कानुनले स्थायी प्रकृतिको कामका लागि अस्थायी दरबन्दी सिर्जना गर्न नपाइने र आवश्यक कर्मचारी व्यवस्थापन पनि निर्धारित प्रक्रिया पूरा गरेर मात्र गर्नुपर्ने व्यवस्था गरेको छ। तर पचरौता नगरपालिकाले कार्यबोझ विश्लेषण र संगठन व्यवस्थापन सर्वेक्षणबिनै ठूलो संख्यामा कर्मचारी करारमा राखेको देखिएको भन्दै महालेखाले आपत्ति जनाएको छ। महालेखा परीक्षकको प्रतिवेदनमा पालिकाले कर्मचारी दरबन्दी सम्बन्धमा आवश्यक अध्ययन तथा विश्लेषण नगरी करार कर्मचारी नियुक्त गरेको उल्लेख गर्दै भविष्यमा यस्ता नियुक्ति गर्दा कानुनी व्यवस्था र निर्धारित प्रक्रियाको पूर्ण पालना गर्न निर्देशन दिइएको छ।

स्थानीय तहमा करार कर्मचारी नियुक्तिको विषय विगतदेखि नै विवादको विषय बन्दै आएको छ। जनप्रतिनिधिको दबाब, राजनीतिक पहुँच र कार्यकर्ता व्यवस्थापनका नाममा आवश्यकताभन्दा बढी कर्मचारी भर्ना गर्ने प्रवृत्तिले स्थानीय तहको प्रशासनिक खर्च अस्वाभाविक रूपमा बढ्दै गएको भन्दै सुशासनका पक्षधरहरूले चिन्ता व्यक्त गर्दै आएका छन्।

पचरौता नगरपालिकाको हकमा पनि ७५ जना करार कर्मचारीका लागि मात्रै २ करोड ७४ लाख रुपैयाँ खर्च भएको तथ्यले नगरपालिकाको कर्मचारी व्यवस्थापन नीति, नियुक्ति प्रक्रिया तथा खर्चको औचित्यमाथि प्रश्न उठाएको छ। विकास निर्माण, शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवामा खर्च हुनुपर्ने रकम प्रशासनिक खर्चमै केन्द्रित भएको भन्दै स्थानीयवासीले समेत पारदर्शिता र जवाफदेहिताको माग गरेका छन्। महालेखाको प्रतिवेदन सार्वजनिक भएसँगै नगरपालिकाले कुन आधारमा यति ठूलो संख्यामा कर्मचारी नियुक्त गर्‍यो, ती कर्मचारीको आवश्यकता के थियो र नियुक्ति प्रक्रिया कति पारदर्शी थियो भन्ने विषयमा थप छानबिन र सार्वजनिक जवाफदेहिताको आवश्यकता देखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई स्वायत्त अधिकार दिए पनि त्यसको प्रयोग कानुनसम्मत, मितव्ययी र जनउत्तरदायी हुनुपर्ने स्पष्ट व्यवस्था गरेको छ। तर पचरौता नगरपालिकाको यो उदाहरणले स्थानीय तहमा कर्मचारी व्यवस्थापन र आर्थिक अनुशासनको अवस्था अझै चुनौतीपूर्ण रहेको संकेत गरेको छ।

## बसवरीया नाकामा खुलेआम तस्करीको आरोप, सुरक्षा निकायमाथि गम्भीर प्रश्न

*शु.आ. सम्बाददाता*
*बारा, ०३ असार*




बारा र रौतहट जिल्लाको सीमाक्षेत्रमा पर्ने बसवरीया नाकाबाट अवैध आयात-निर्यात गतिविधि तीव्र रूपमा बढिरहेको आरोप सार्वजनिक भएपछि सीमा सुरक्षा र राजस्व नियन्त्रणमाथि गम्भीर प्रश्न उठेको छ। स्थानीयवासी तथा विभिन्न स्रोतहरूले सीमा क्षेत्रमा दिनदहाडै तस्करी भइरहे पनि सम्बन्धित सुरक्षा निकाय प्रभावकारी रूपमा सक्रिय नदेखिएको आरोप लगाएका छन्।

स्थानीय स्रोतका अनुसार बसवरीया नाकाबाट दैनिक रूपमा माछा, फूल, चकलेट, कस्मेटिक लगायतका विभिन्न सामग्री पिकअप गाडीमार्फत अवैध रूपमा नेपाल भित्र्याउने तथा नेपालबाट भारततर्फ पठाउने काम भइरहेको छ। यसरी हुने अवैध कारोबारबाट राज्यलाई दैनिक लाखौँदेखि करोडौं रुपैयाँसम्म राजस्व घाटा भइरहेको दाबी गरिएको छ।

स्थानीयहरूले सीमा क्षेत्रमा सक्रिय रहेको भनिएका सियाराम नामक व्यक्तिलाई तस्करी सञ्जालको मुख्य पात्रका रूपमा आरोप लगाउँदै सुरक्षा निकायको संरक्षण र पहुँचका कारण खुलेआम तस्करी सञ्चालन भइरहेको बताएका छन्। उनीहरूका अनुसार भारततर्फका सन्दीप नामक व्यक्तिलाई भरियाको रूपमा प्रयोग गर्दै सीमापार अवैध कारोबार सञ्चालन भइरहेको छ।

सीमावर्ती क्षेत्रका बासिन्दाका अनुसार दैनिक पाँचदेखि आठवटा पिकअप गाडीमार्फत सामान ओसारपसार भइरहेको दृश्य सामान्य बन्दै गएको छ। तर यति ठूलो मात्रामा अवैध गतिविधि भइरहँदा पनि नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सम्बन्धित निकाय मौन बस्नु शंकास्पद रहेको स्थानीयको आरोप छ।

स्थानीय व्यवसायीहरूले वैधानिक रूपमा भन्सार तिरेर व्यापार गर्ने व्यापारीहरू तस्करीका कारण प्रत्यक्ष मारमा परेको गुनासो गरेका छन्। उनीहरूका अनुसार अवैध रूपमा भित्रिएका सामान सस्तो मूल्यमा बजारमा पुग्दा कानुनी प्रक्रियाबाट व्यापार गर्ने व्यवसायी प्रतिस्पर्धामा टिक्नै नसक्ने अवस्था सिर्जना भएको छ।

अझ चिन्ताजनक पक्ष के भने, सीमाक्षेत्रबाट भित्रिएका भनिएका अवैध सामग्री काठमाडौंसहित देशका विभिन्न मुख्य बजारसम्म सहज रूपमा पुग्ने गरेको आरोप पनि उठ्न थालेको छ। यदि यस्ता गतिविधि सत्य प्रमाणित

बाँकी तेश्रो पृष्ठमा

## प्रसौनी गाउँपालिकाद्वारा ४१ करोड बढीको बजेट सार्वजनिक, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारलाई प्राथमिकता

*शु.आ. सम्बाददाता*
*कलैया, ०३ असार*




बारा जिल्लाको प्रसौनी गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ करोड ३७ हजार रुपैयाँको अनुमानित आय-व्यय बजेट सार्वजनिक गरेको छ। बुधबार गाउँपालिकाको सभाहलमा आयोजित १९औँ गाउँसभा अधिवेशनमा गाउँपालिका अध्यक्ष बिनोद प्रसाद जैसवालले वार्षिक नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरेका हुन्।

गाउँपालिका अध्यक्ष जैसवालले आगामी आर्थिक वर्षको बजेट विकास निर्माण, कृषि उत्पादन वृद्धि, शिक्षा, स्वास्थ्य सेवा सुदृढीकरण, रोजगार सिर्जना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई केन्द्रमा राखेर तयार गरिएको बताए। उनले सीमित स्रोत-साधनका बीच जनताको आवश्यकता र स्थानीय विकासका प्राथमिकतालाई ध्यानमा राखी बजेट विनियोजन गरिएको उल्लेख गरे।

प्रस्तुत बजेटअनुसार नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणतर्फ समानीकरण अनुदान १० करोड ५ लाख रुपैयाँ, सशर्त अनुदान १५ करोड ७८ लाख रुपैयाँ, विशेष अनुदान २ करोड ५ लाख रुपैयाँ, समपूरक अनुदान ६० लाख रुपैयाँ तथा राजस्व बाँडफाँडबाट ८ करोड २१ लाख ३६ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

त्यसैगरी मधेश प्रदेश सरकारबाट समानीकरण अनुदान ७० लाख रुपैयाँ, सशर्त अनुदान ७१ लाख रुपैयाँ, विशेष अनुदान २५ लाख रुपैयाँ, समपूरक अनुदान २५ लाख रुपैयाँ तथा राजस्व बाँडफाँडबाट २५ लाख १ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

गाउँपालिकाले अघिल्लो आर्थिक वर्षको ७५ लाख रुपैयाँ मौज्दात तथा १ करोड ४० लाख रुपैयाँ आन्तरिक राजस्व समेत समावेश गर्दै कुल ४१ करोड ३७ हजार रुपैयाँको बजेट प्रस्तुत गरेको हो।

गाउँसभामा प्रस्तुत नीति तथा

बाँकी तेश्रो पृष्ठमा

## मधेशका तीन जिल्लामा ट्राफिक सप्ताह-२०८३ सुरू, सडक दुर्घटना न्यूनीकरणमा जोड

*शु.आ. सम्बाददाता*
*कलैया, ०३ असार*




मधेश प्रदेशका बारा, रौतहट र पर्सा जिल्लामा बढ्दो सवारी दुर्घटना न्यूनीकरण तथा ट्राफिक नियमप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले बुधबारदेखि "ट्राफिक जनचेतनामूलक सप्ताह-२०८३" सुरु गरिएको छ। विभिन्न जिल्लामा प्रभातफेरी, सचेतनामूलक र्‍याली तथा अन्तरक्रियात्मक कार्यक्रममार्फत सप्ताहव्यापी अभियानको शुभारम्भ गरिएको हो।

बारा जिल्लामा "सडक अनुशासन पालना तथा सवारी दुर्घटना न्यूनीकरण" भन्ने मूल नारासहित कलैयामा प्रभातफेरी कार्यक्रम आयोजना गरी अभियानको उद्घाटन गरिएको छ। कार्यक्रममा नेपाल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायी, विद्यार्थी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा मात्रै जिल्लामा १ हजार १ सय १४ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा ७० जनाको मृत्यु हुनुका साथै १ हजार ८ सयभन्दा बढी व्यक्ति घाइते भएका छन्। बढ्दो दुर्घटनाप्रति जिल्ला प्रशासन कार्यालय गम्भीर बनेको जनाउँदै प्रमुख जिल्ला अधिकारीको विशेष चासो र समन्वयमा सडक सुरक्षा अभियानलाई प्रभावकारी बनाइएको बताइएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी निरीक्षक दिपक के.सी.ले दुर्घटना न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि अपरिहार्य रहेको उल्लेख गर्दै सप्ताहभर विद्यालय, बजार क्षेत्र, टोल तथा समुदायस्तरमा ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। चालक, सहचालक तथा यातायात व्यवसायीलाई सुरक्षित सवारी सञ्चालन, हेल्मेट तथा सिटबेल्टको अनिवार्य प्रयोग, मादक पदार्थ सेवन गरी सवारी नचलाउने लगायत विषयमा विशेष जानकारी प्रदान गरिने उनले बताए।

यसैगरी रौतहटको सदरमुकाम गौरमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


# चीनको आशंका, नेपालको आश्वासन



**कमलदेव भट्टराई**

परराष्ट्रमन्त्री शिशिर खनालले अहिले गरेको चीन भ्रमणलाई सामान्य कूटनीतिक कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन । नेपालमा राजनीतिक परिवर्तन, दक्षिण एसियामा तीव्र बन्दै गएको शक्ति प्रतिस्पर्धा र चीनका बढ्दो सुरक्षा तथा रणनीतिक चासोका बीच भएको यो भ्रमणले नेपालको वर्तमान परराष्ट्र नीतिको दिशा र प्राथमिकताबारे महत्वपूर्ण संकेत दिएको छ ।

गत भदौ २३-२४ को हिंसात्मक आन्दोलनपछि नेपालमा बनेको नयाँ राजनीतिक समीकरणले बेइजिङलाई सुरुदेखि नै चासो र केही हदसम्म चिन्तित बनाएको थियो । आन्दोलनपछि चीनसँग दशकौँदेखि निकट सम्बन्ध राख्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र सत्ता बाहिरिए भने चीनसँग संस्थागत सम्बन्ध खासै विकास नभएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ बहुमतसहित सरकारमा आयो । यही परिवर्तनले चीनलाई नेपालप्रतिको आफ्नो परम्परागत राजनीतिक बुझाइ पुनः मूल्यांकन गर्न बाध्य बनायो ।

आन्दोलन लगत्तैदेखि बेइजिङले नेपालमा आफ्नो सुरक्षा र रणनीतिक हित प्रभावित हुन सक्ने आशंका व्यक्त गर्दै आएको छ । नेपालले सार्वजनिक रूपमा एक-चीन नीतिप्रति प्रतिबद्धता दोहोऱ्याए पनि चीन पूर्ण रूपमा आश्वस्त हुन सकेको देखिँदैन । यही पृष्ठभूमिमा परराष्ट्रमन्त्री खनालको चीन भ्रमणलाई नयाँ सरकारको नीति, प्राथमिकता र चीनप्रतिको दृष्टिकोण बुझ्ने अवसरका रूपमा बेइजिङले उपयोग गरेको देखिन्छ ।

विशेषगरी पछिल्लो वर्ष नेपालमा देखिएको ‘जेन-जी आन्दोलन’ र त्यसले जन्माएको नयाँ राजनीतिक शक्तिप्रति चीनले निकै चासो राखेको छ । परम्परागत दलहरूसँग सम्बन्धमार्फत नेपाललाई बुझ्ने चिनियाँ अभ्यासका लागि रास्वपाको उदय अप्रत्याशित राजनीतिक विकास थियो । त्यसैले बेइजिङका लागि यो भ्रमण केवल दुई देशबीचको सम्बन्धको समीक्षा मात्र नभई नयाँ सत्तारूढ शक्तिलाई प्रत्यक्ष बुझ्ने माध्यम पनि थियो ।

भ्रमणका क्रममा चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्तामा नेपालले आफ्नो पुरानो कूटनीतिक अडान दोहोऱ्यायो । परराष्ट्रमन्त्री खनालले नेपाल एक-चीन नीतिप्रति दृढ रहेको, ताइवान र तिब्बत चीनका आन्तरिक विषय भएको तथा नेपाली भूमिलाई चीनविरुद्ध कुनै गतिविधिका लागि प्रयोग हुन नदिइने स्पष्ट प्रतिबद्धता व्यक्त गरे । चीनका लागि यो भ्रमणको सबैभन्दा महत्वपूर्ण उपलब्धि सम्भवतः यही थियो ।

बेइजिङको दृष्टिमा नेपाल केवल छिमेकी मुलुक मात्र होइन, तिब्बतसँग जोडिएको संवेदनशील सुरक्षा क्षेत्र पनि हो । पछिल्ला वर्षहरूमा दक्षिण एसियामा अमेरिकाको बढ्दो सक्रियता, इन्डो-प्यासिफिक रणनीति, एमसीसी, एसपीपीजस्ता पहल तथा पश्चिमी प्रभावको विस्तारलाई चीनले रणनीतिक दृष्टिले नियालिरहेको छ ।

त्यसैले चीनको प्राथमिकता नेपालबाट आफ्नो सुरक्षा हितलाई कुनै प्रकारको चुनौती नआओस् भन्ने हो । नेपालले पश्चिमी मुलुकहरूसँग सम्बन्ध विस्तार गर्नु चीनको समस्या होइन, समस्या त्यतिबेला उत्पन्न हुन्छ जब बेइजिङले त्यसलाई आफ्नो सुरक्षा चासोसँग जोडेर हेर्न थाल्छ । खनालको भ्रमणको समय पनि अर्थपूर्ण थियो । भारत भ्रमण सम्पन्न गरेको केही दिनपछि र अमेरिकी उच्च अधिकारीहरूको हालैको नेपाल भ्रमणपछि चीन जानु संयोग मात्र थिएन । यसले नेपालले आफ्नो परम्परागत सन्तुलित र असंलग्न परराष्ट्र नीतिलाई निरन्तरता दिन खोजिरहेको संकेत गर्छ । भारत, चीन र अमेरिकासँग समानान्तर संवाद कायम राखेर काठमाडौंले आफू कुनै एक शक्ति केन्द्रतर्फ झुकेको छैन भन्ने सन्देश दिन खोजेको देखिन्छ ।

तर, नेपालको परराष्ट्र नीतिको वास्तविक चुनौती पनि यही हो । नेपालले सन्तुलनको नीति अपनाउने प्रयास गरे पनि हरेक सरकारमाथि कुनै न कुनै शक्ति केन्द्रप्रति निकट भएको आरोप लाग्ने गरेको छ । पछिल्ला वर्षहरूमा ‘प्रो-इन्डिया’, ‘प्रो-चाइना’ वा ‘प्रो-वेस्ट’ जस्ता राजनीतिक लेबलहरू सामान्यजस्तै बनेका छन् । वर्तमान सरकार पनि यस्ता आरोपबाट मुक्त छैन । त्यसैले खनालको चीन भ्रमणलाई नेपालको सन्तुलनकारी कूटनीतिक अभ्यासको निरन्तरताका रूपमा पनि हेर्न सकिन्छ ।

चीनको अर्को प्रमुख प्राथमिकता विगतमा भएका सहमतिहरूको कार्यान्वयन हो । विशेषतः राष्ट्रपति सी चिनफिङको सन् २०१९ को नेपाल भ्रमणका क्रममा भएका सम्झौताहरूलाई बेइजिङले दुई देशबीचको रणनीतिक साझेदारीको आधारका रूपमा हेर्छ । चिनियाँ कूटनीतिमा उच्च तहका भ्रमण र त्यहाँ भएका सहमतिहरूको कार्यान्वयनलाई अत्यन्त महत्व दिइन्छ । त्यसैले ती परियोजनाहरूको प्रगतिबारे चीनले निरन्तर चासो व्यक्त गरिरहेको छ ।

यस्तै, बेल्ट एन्ड रोड इनिसिएटिभ ( बीआरआई) अझै पनि नेपाल-चीन सम्बन्धको महत्वपूर्ण एजेन्डा बनेको छ । यद्यपि वार्तामा बीआरआईबारे छलफल भए पनि कुनै ठोस प्रगति सार्वजनिक भएन । नेपालमा ऋण र अनुदानसम्बन्धी बहस, राजनीतिक मतभेद र बदलिँदो सरकारका कारण बीआरआई परियोजनाहरू अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन् । रास्वपाले पनि यस विषयमा स्पष्ट राजनीतिक धारणा सार्वजनिक नगरी सावधानी अपनाइरहेको देखिन्छ ।

वास्तवमा बीआरआई केवल पूर्वाधार विकासको कार्यक्रम मात्र होइन, यो चीनको व्यापक भू-आर्थिक र भूराजनीतिक रणनीतिको हिस्सा हो । नेपालका लागि भने चुनौती विकासको आवश्यकता र ऋण जोखिमबीच सन्तुलन कायम गर्नु हो । यही कारणले बीआरआई आगामी वर्षहरूमा पनि द्विपक्षीय सम्बन्धको संवेदनशील विषय रहने निश्चित छ ।

चीनको अर्को चासो नेपालमा लगानीको वातावरण हो । प्रशासनिक जटिलता, नीतिगत अस्थिरता र परियोजना कार्यान्वयनमा हुने ढिलासुस्तीबारे चिनियाँ कम्पनीहरूले लामो समयदेखि असन्तुष्टि व्यक्त गर्दै आएका छन् । चीनले ऊर्जा, जलविद्युत्, सीमा पूर्वाधार, कृषि, डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, मल आपूर्ति तथा पेट्रोलियम अन्वेषणजस्ता क्षेत्रमा सहकार्य विस्तार गर्न चाहेको छ । तर, नयाँ सरकारले चीनसँग कुन क्षेत्रमा र कस्तो मोडेलमा सहकार्य गर्ने भन्ने स्पष्ट रणनीतिक खाका अझै सार्वजनिक गरेको छैन ।

भ्रमणको अर्को रोचक र दीर्घकालीन महत्वको पक्ष भनेको पार्टी-पार्टी सम्बन्ध हो । चिनियाँ कम्युनिस्ट पार्टीले परम्परागत रूपमा नेपालका प्रमुख राजनीतिक दलहरूसँग गहिरो सम्बन्ध विकास गर्दै आएको छ । पछिल्ला वर्षहरूमा विशेषगरी नेपालका कम्युनिस्ट दलहरूसँग उसको सम्पर्क उल्लेखनीय रूपमा विस्तार भएको थियो । अहिले भने चीनले रास्वपालाई पनि आफ्नो राजनीतिक सम्पर्क सञ्जालभित्र ल्याउन खोजेको संकेत दिएको छ ।

खनालसँगको भेटमा चिनियाँ पक्षले राजनीतिक आदान-प्रदान, रणनीतिक संवाद, पारस्परिक विश्वास तथा शासन सञ्चालनका अनुभव आदान-प्रदानलाई सुदृढ बनाउन चाहेको उल्लेख गर्दै ‘पार्टी-प्लस’ संयन्त्रमार्फत सहकार्य विस्तार गर्न सकिने धारणा राख्यो । यसले चीनले रास्वपालाई केवल वर्तमान सरकारका रूपमा मात्र होइन, नेपालको दीर्घकालीन राजनीतिक शक्तिका रूपमा पनि हेर्न थालेको संकेत दिन्छ ।

यस घटनाक्रमलाई व्यापक भूराजनीतिक सन्दर्भमा हेर्दा अझ स्पष्ट चित्र देखिन्छ । नेपाल अहिले भारत, चीन र अमेरिकाबीचको प्रत्यक्ष प्रतिस्पर्धाको मैदान होइन, तर ती शक्तिहरूको प्रभाव, चासो र रणनीतिक उपस्थितिको संगमस्थल अवश्य बनेको छ । हिमालय क्षेत्रको रणनीतिक महत्व, चीन-भारत प्रतिस्पर्धा, इन्डो-प्यासिफिक रणनीति र क्षेत्रीय शक्ति सन्तुलनका कारण नेपालप्रति बाह्य शक्तिहरूको चासो विगतभन्दा धेरै बढेको छ ।

यस्तो अवस्थामा नेपालको सबैभन्दा ठूलो चुनौती कुनै एक शक्ति केन्द्रको प्रभावक्षेत्रमा सीमित नहुने र आफ्ना राष्ट्रिय हितलाई केन्द्रमा राखेर बहुआयामिक सम्बन्ध व्यवस्थापन गर्ने हो । सन्तुलनको नीति केवल कूटनीतिक भाषणमा स

## सम्पादकीय..........

### न्यायको फैसला र अनुसन्धानको जिम्मेवारी

छिपहरमाई गाउँपालिकासँग सम्बन्धित भ्रष्टाचार मुद्दामा गाउँपालिका अध्यक्षसहित पाँच जनाले विशेष अदालतबाट सफाइ पाउनु केवल एउटा मुद्दाको अन्त्य होइन, राज्यका अनुसन्धान निकायहरुको कार्यक्षमता र विश्वसनीयतामाथि उठेको गम्भीर प्रश्न पनि हो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बोलपत्र आह्वानसम्बन्धी सूचना प्रकाशनमा अनियमितता भएको आरोपसहित मुद्दा दायर गरेको थियो । आरोपको प्रकृति गम्भीर थियो र यदि प्रमाणित भएको भए यो सार्वजनिक स्रोतको दुरूपयोगको स्पष्ट उदाहरण बन्न सक्थ्यो । तर विशेष अदालतले प्रमाण पर्याप्त नभएको ठहर गर्दै सबै प्रतिवादीलाई सफाइ दिएको छ ।

न्यायालयले प्रमाणका आधारमा निर्णय गर्छ, अनुमान वा आशंकाका आधारमा होइन । त्यसैले अदालतको फैसला कानुनी दृष्टिले स्वाभाविक र मान्य प्रक्रिया हो । तर यति ठूलो आरोप अदालतमा प्रमाणित हुन नसक्नुले अनुसन्धानको प्रारम्भिक चरणमै कमजोरी रहेको संकेत गर्छ ।

यो घटनाले दुईवटा महत्वपूर्ण प्रश्न उब्जाएको छ । पहिलो, अनुसन्धान कत्तिको गहिरो र तथ्यपरक थियो ? दोस्रो, मुद्दा दायर गर्नुअघि प्रमाण संकलन र विश्लेषण पर्याप्त रुपमा गरिएको थियो कि थिएन ? यदि यी प्रश्नहरुको जवाफ स्पष्ट हुन सकेन भने भविष्यमा यस्ता मुद्दाहरुले जनविश्वास गुमाउने खतरा रहन्छ । भ्रष्टाचार नियन्त्रण केवल मुद्दा दायर गर्ने प्रक्रियाले मात्र सम्भव हुँदैन । त्यसका लागि ठोस प्रमाण, निष्पक्ष अनुसन्धान र पेशागत दक्षता आवश्यक हुन्छ । कमजोर अनुसन्धानले न केवल दोषी उम्कने सम्भावना बढाउँछ, निर्दोषमाथि अनावश्यक प्रश्न पनि खडा गर्छ ।

स्थानीय तहमा हुने सार्वजनिक खरिद, सूचना प्रकाशन र वित्तीय व्यवस्थापनमा पारदर्शिता अझै चुनौतीपूर्ण देखिन्छ । त्यसैले यस्ता घटनाले प्रणाली सुधारको आवश्यकता झन् प्रस्ट बनाउँछन् ।

अन्ततः, अदालतको फैसलालाई सम्मान गर्दै पनि राज्यका अनुसन्धान निकायहरुले आफ्नो कार्यशैली, प्रमाण संकलन प्रक्रिया र अभियोजन क्षमतामाथि गम्भीर आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता यस घटनाले पुनः स्मरण गराएको छ ।


## ईशनाथ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

ईशनाथ नगरपालिकाको कार्यालय, औंरैया, रौतहट



## फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# विश्वकपमा मेस्सीको ऐतिहासिक रात



***एजेन्सी-*** लियोनेल मेस्सीले विश्व फुटबलमा अर्को ऐतिहासिक उपलब्धि थप्दै आफ्नो छैटौँ विश्वकप सहभागितालाई अविस्मरणीय बनाएका छन्। कप्तान मेस्सीको ह्याट्रिक प्रेरित प्रदर्शनमा साविक विजेता अर्जेन्टिनाले विश्वकप उपाधि रक्षा अभियान विजयी सुरुआत गर्दा उहाँ विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता पनि बनेका छन्।

कन्सास सिटीस्थित ६९ हजार ४५ दर्शक क्षमता भएको एरोहेड स्टेडियममा मंगलबार भएको खेलमा ३८ वर्षीय मेस्सीले तीन गोल गर्दै आफ्नो विश्वकप गोल सङ्ख्या १६ पुऱ्याए। यससँगै उनले जर्मनीका पूर्व स्ट्राइकर मिरोस्लाभ क्लोसको सर्वाधिक १६ गोलको कीर्तिमान बराबरी गरेका छन्। मेस्सीका लागि यो खेल अर्को कारणले पनि विशेष रह्यो । उनले आफ्नो करियरको २००औँ अन्तर्राष्ट्रिय खेल खेल्दै विश्वकपका छ संस्करणमा सहभागिता जनाउने पहिलो फुटबलरको इतिहास रचे । सन् २००६ मा जर्मनीमा किशोर खेलाडीका रूपमा पहिलो विश्वकप खेलेका मेस्सीले दुई दशक लामो यात्रामा अर्को ऐतिहासिक अध्याय थपेका हुन् ।

ग्रुप 'जे' अन्तर्गत भएको खेलमा अर्जेन्टिनाले सुरुदेखि नै पकड जमाएको थियो । मेस्सीले १७औं मिनेटमा सुन्दर कर्लिङ प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए । त्यो गोलसँगै उहाँको विश्वकप गोल सङ्ख्या १४ पुगेको थियो, जसले उहाँलाई जर्मनीका गर्ड मुलर र फ्रान्सका किलियन एमबाप्पेको बराबरीमा पुऱ्यायो ।

खेलको ६०औँ मिनेटमा एलेक्सिस म्याक एलिस्टरको प्रहार गोलरक्षकबाट फर्किएपछि मेस्सीले रिबाउन्डलाई सदुपयोग गर्दै दोस्रो गोल गरे। यससँगै उनले ब्राजिलका महान् स्ट्राइकर रोनाल्डोको १५ गोलको कीर्तिमान पनि बराबरी गरे ।

त्यसपछि ७६औँ मिनेटमा उहाँले अर्को आकर्षक गोल गर्दै ह्याट्रिक पूरा गर्नुभयो र विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता बने । चार मिनेटपछि मैदान छाड्दा दर्शकले उभिएर लामो समयसम्म ताली बजाउँदै उनलाई सम्मान गरेका थिए । मेस्सीले सन् २०२२ को दोहा विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाएका थिए । त्यतिबेला फाइनलमा फ्रान्सलाई पेनाल्टी सुटआउटमा पराजित गरिएको थियो । नियमित समयमा ३-३ को रोमाञ्चक बराबरी भएको उक्त खेलमा फ्रान्सका स्टार किलियन एमबाप्पेले ह्याट्रिक गगरेका थिए ।

यसपटक पनि अर्जेन्टिना र फ्रान्स पुनः फाइनलमा भेटिन सक्ने सम्भावना रहेको चर्चा भइरहेका बेला फ्रान्सले पनि आफ्नो अभियान विजयी ढङ्गले सुरु गरेको छ । सेनेगलविरुद्ध ३-१ को जितमा एमबाप्पेले दुई गोल गर्दै आफ्नो प्रभाव कायम राखे ।

फ्रान्सका प्रशिक्षक डिडिएर डेसच्याम्प्सले एमबाप्पेको प्रशंसा गर्दै आलोचनाका बीच पनि उनी असाधारण खेलाडी रहेको बताए। उनका अनुसार खेल सधैँ योजनाअनुसार नजाने भए पनि एमबाप्पेसँग कुनै पनि क्षण खेलको परिणाम बदल्ने क्षमता छ ।

सेनेगलविरुद्धको दुई गोलसँगै एमबाप्पेले ९९ अन्तर्राष्ट्रिय खेलमा ५८ गोल पूरा गर्दै फ्रान्सका सर्वाधिक गोलकर्ताको सूचीमा ओलिभियर जिरुडलाई पछि पारे । डेसच्याम्प्सले मैत्रीपूर्ण खेलमा गोल गर्न नसके पनि विश्वकपमा रेकर्ड बनाउनु थप विशेष उपलब्धि भएको उल्लेख गरे ।

यता अर्को स्टार स्ट्राइकर एर्लिङ हालान्डले पनि विश्वकप डेब्यूलाई स्मरणीय बनाउनुभएको छ । समूह 'ए' अन्तर्गत इराकमाथि नर्वेको ४-१ को जितमा उनले दुई गोल गरे ।

फक्सबरोमा भएको खेलमा हालान्डले २९औँ मिनेटमा गोल गर्दै नर्वेलाई अग्रता दिलाए । यद्यपि आयमेन हुसेनको हेडरमार्फत इराकले खेल बराबरी गरेको थियो । तर इराकी रक्षापङ्क्तिको गल्तीको फाइदा उठाउँदै हालान्डले पहिलो हाफ सकिनुअघि पुनः गोल गरे ।

५१ खेलबाट ५७ अन्तर्राष्ट्रिय गोल गरिसकेका हालान्डको उत्कृष्ट प्रदर्शनमा नर्वेले सहज जित निकाल्यो । दोस्रो हाफमा लियो ओस्टिगार्डले अर्को गोल थपे भने इराकको आत्मघाती गोलले नर्वेको जित अझ फराकिलो बनायो । सन् १९९८ पछि पहिलोपटक विश्वकपमा फर्किएको नर्वेले यससँगै महत्त्वपूर्ण तीन अंक हात पाऱ्यो ।

नर्वेका प्रशिक्षक स्टेल सोल्बाक्केनले हालान्डले ठूलो मञ्चमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गरेको बताए । खेलअघि नै उनलाई हालान्डबाट विशेष प्रदर्शनको अपेक्षा रहेको र त्यसले वास्तविक रूप लिएको उनको भनाइ थियो ।

मंगलबारको अन्तिम खेलमा विश्वकपमा पहिलोपटक सहभागी भएको जोर्डनले समूह 'जे' अन्तर्गत क्यालिफोर्नियाको सान्ता क्लारामा अस्ट्रियाको सामना गर्नेछ ।

## बसवरीया.....

भएमा यो केवल सीमा क्षेत्रमा सीमित समस्या नभई राज्यको सुरक्षा संयन्त्र, राजस्व प्रशासन र सुशासनमाथिकै गम्भीर प्रश्न बन्ने देखिन्छ।

स्थानीय नागरिकहरूले बसवरीया नाकामा भइरहेको भनिएको तस्करीबारे निष्पक्ष छानबिन गर्न, दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउन तथा सीमा सुरक्षालाई कडाइ गर्न सरकारसँग माग गरेका छन् । उनीहरूको भनाइमा तस्करी केवल राजस्व चुहावटको विषय नभई राष्ट्रिय अर्थतन्त्र, वैधानिक व्यापार र सुरक्षा व्यवस्थामाथिको प्रत्यक्ष चुनौती हो।

सीमाक्षेत्रमा तस्करी मौलाएको गुनासो निरन्तर बढिरहँदा वास्तविकता छानबिन गरी दोषीमाथि कारबाही गर्न स्थानीयले दबाब बढाएका छन्।

## प्रसौनी..........

कार्यक्रममा कृषि क्षेत्रको आधुनिकीकरण, सिंचाइ सुविधाको विस्तार, गुणस्तरीय शिक्षा प्रवर्द्धन, स्वास्थ्य सेवाको पहुँच वृद्धि, महिला तथा युवा सशक्तीकरण, सामाजिक सुरक्षा, वातावरण संरक्षण तथा भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको जनाइएको छ । गाउँपालिकाले सडक, नाला, खानेपानी, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित योजनाहरूलाई विशेष महत्व दिँदै आगामी वर्ष कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष किरण देवीको सहकार्य रहेको थियो भने प्रमुख प्रशासकीय अधिकृत नविन श्रीवास्तव ले स्वागत मन्तव्य व्यक्त गरेका थिए । उनले प्रस्तुत बजेट तथा नीति-कार्यक्रम गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन केन्द्रित रहेको बताए ।

गाउँसभा अधिवेशनमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख सुरेश साह ले सञ्चालन गरेका थिए। गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमार्फत स्थानीय नागरिकको जीवनस्तर सुधार, आर्थिक गतिविधि विस्तार तथा दिगो विकासका लक्ष्य हासिल गर्ने अपेक्षा व्यक्त गरेको छ।

## मधेशका.........

संयोजन तथा स्थानीय प्रशासन, गौर नगरपालिका र विभिन्न सरोकारवाला निकायको सहभागितामा भव्य प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको छ । सडक सुरक्षासम्बन्धी सन्देश अंकित ब्यानर र प्लेकार्डसहित निकालिएको प्रभातफेरीले गौर नगरका प्रमुख सडक र चोकहरूको परिक्रमा गर्दै जनचेतना फैलाएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले ट्राफिक नियमको उपेक्षा र मानवीय त्रुटिका कारण सडक दुर्घटना गम्भीर चुनौतीका रूपमा देखापरेको बताए। उनले दुर्घटना न्यूनीकरणका लागि कानुन कार्यान्वयनसँगै नागरिकको जिम्मेवार व्यवहार आवश्यक रहेको उल्लेख गर्दै यस्ता अभियानले सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरे ।

गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले सुरक्षित र व्यवस्थित यातायात प्रणाली निर्माणका लागि स्थानीय सरकार प्रतिबद्ध रहेको बताउँदै सडक पूर्वाधारसँगै चालक र पैदलयात्रीमा चेतनाको स्तर वृद्धि हुनुपर्नेमा जोड दिए ।

रौतहटका ट्राफिक प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले ट्राफिक सप्ताहअन्तर्गत सात दिनसम्म जिल्लाभर विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जानकारी दिँदै ओभरस्पिड, हेल्मेट तथा सिटबेल्ट प्रयोगमा लापरवाही र जथाभाबी सडक पार गर्ने प्रवृत्ति दुर्घटनाका प्रमुख कारण रहेको बताए।

उता पर्सा जिल्लामा पनि जिल्ला ट्राफिक प्रहरी कार्यालयको आयोजनामा ट्राफिक सप्ताहको औपचारिक शुभारम्भ गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर थापाले रिबन काटेर सचेतनामूलक ऱ्यालीको उद्घाटन गर्दै "जान नै जहान हो" भन्ने सन्देशलाई व्यवहारमा उतार्न सबैलाई आग्रह गरे। उनले ट्राफिक नियमको पूर्ण पालना भए सडक दुर्घटनामा उल्लेखनीय कमी ल्याउन सकिने बताए । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक युवराज कटुवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ट्राफिक प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, विभिन्न संघसंस्थाका प्रतिनिधि, विद्यार्थी, महिला, युवा तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । ऱ्यालीका क्रममा "ट्राफिक नियमको पालना गरौँ", "सुरक्षित स्थानबाट मात्र ओभरटेक गरौँ" र "जिम्मेवार चालक बनौँ" लगायतका सन्देश प्रवाह गरिएको थियो । प्रहरी निरीक्षक कटुवालले मानव जीवनभन्दा मूल्यवान् केही नभएको उल्लेख गर्दै सवारी सञ्चालन गर्दा ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेमा जोड दिए । कार्यक्रमको समापनमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक हरि बस्नेतले अनुशासन, सभ्यता र सुरक्षाको संस्कृतिलाई व्यवहारमा उतार्न सके सडक दुर्घटना उल्लेखनीय रूपमा घटाउन सकिने बताए ।

सरोकारवालाहरूले तीनै जिल्लामा सुरु गरिएको ट्राफिक सप्ताहले सडक सुरक्षाप्रति नागरिकको चेतना अभिवृद्धि गर्न, ट्राफिक नियमको पालना बढाउन तथा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । सप्ताहव्यापी अभियानअन्तर्गत विद्यालय, सार्वजनिक स्थल, यातायात केन्द्र तथा समुदायस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरुको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरु, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरु अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा






## विश्रामपुर गाउँपालिका
विश्रामपुर, बारा

### जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


## पटेर्वा सुगौली...

आधारभूत अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आएको बताए। उनले उक्त अस्पताल गाउँपालिकास्तरबाट निर्माण गरिएको मधेश प्रदेशकै पहिलो अस्पताल भएको दाबी गरे । अध्यक्ष चौधरीका अनुसार अस्पतालमा प्रत्येक महिनाको अन्तिम शुक्रबार स्त्रीरोग तथा बालरोग विशेषज्ञ सेवा उपलब्ध गराइँदै आएको छ । साथै आधुनिक ल्याब, भिडियो एक्स-रे, दन्त चिकित्सा तथा आयुर्वेद सेवा समेत सञ्चालनमा रहेको उनले जानकारी दिए। एनएसआईसँगको सम्झौतापछि आगामी साउन महिनादेखि इको तथा शल्यक्रिया सेवा समेत सुरु गरिने तयारी रहेको उनले बताए ।

गाउँपालिकाले लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने नीति समेत अघि सारेको छ । युवालाई लक्षित गरी सचेतनामूलक अभियान, खेलकुद तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। त्यसैगरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ करोड १९ लाख ४४ हजार रुपैयाँ बराबरको बजेट सीमा निर्धारण गरेको छ। प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताका अनुसार संघीय समानीकरण अनुदानतर्फ ९ करोड ४० लाख, प्रदेश समानीकरण अनुदानतर्फ ६६ लाख, संघीय राजस्व बाँडफाँडतर्फ ८ करोड ८९ लाख ४४ हजार, प्रदेश राजस्व बाँडफाँडतर्फ ७५ लाख, संघीय विशेष अनुदानतर्फ १ करोड, संघीय समपूरक अनुदानतर्फ १ करोड २९ लाख, संघीय सशर्त अनुदानतर्फ १६ करोड ४० लाख, आन्तरिक स्रोततर्फ १ करोड ५० लाख तथा प्रदेशको अन्य अनुदानतर्फ १ करोड ३० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममाथि छलफलपछि आगामी बैठकबाट बजेट पारित गरिने गाउँपालिकाले जनाएको छ । अधिवेशनमा वडाध्यक्ष, गाउँसभा सदस्य, कर्मचारी तथा विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो।


## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# असार २४ पछि भुक्तानी निकासा बन्द गरिने, कोष तथा लेखा नियन्त्रक कार्यालय बाराको निर्देशन

*शु.आ. सम्बाददाता*
*कलैया, ०३ असार*

आर्थिक वर्ष २०८२/०८३ समाप्त हुन लागेसँगै कोष तथा लेखा नियन्त्रक कार्यालय बारा, कलैयाले सरकारी कार्यालय तथा स्थानीय तहलाई समयमै भुक्तानी फछ्र्यौट, हिसाब मिलान र वित्तीय अनुशासन कायम गर्न कडा निर्देशन दिएको छ । कार्यालयले मंगलबार पत्र जारी गर्दै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गरिने जनाएको हो । महालेखा नियन्त्रक कार्यालयको पत्राचारअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय बाराले जिल्लाका सबै सरकारी कार्यालय तथा स्थानीय तहलाई असार २४ गतेपछि भुक्तानी निकासा बन्द हुने जानकारी गराउँदै आवश्यक भुक्तानी असार २० गतेभित्रै सम्पन्न गर्न अनुरोध गरेको छ ।




कार्यालयले आर्थिक वर्षको अन्तिम समयमा मात्र हतारमा भुक्तानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था गरिएको जनाएको छ। विशेष गरी असार मसान्तमा अत्यधिक खर्च गर्ने र हतारमा योजनाको रकम फछ्र्योट गर्ने प्रवृत्तिका कारण अनियमितता बढ्ने तथा वित्तीय अनुशासन कमजोर हुने भन्दै समयमै भुक्तानी तथा हिसाब मिलान गर्न निर्देशन दिइएको हो ।

जारी पत्रमा धरौटी, विविध तथा अन्य कोषमा आम्दानी बाँकी रहेका रकम, पेश्की फिर्ता रकम तथा बैंक दाखिला भएर पनि प्रणालीमा बाँकी देखिएका रकम अनिवार्य रूपमा असार मसान्तभित्र ऋन्ब्ब/त्ब्ब प्रणालीमा लेखाङ्कन गरी हिसाब मिलान गर्न भनिएको छ ।

त्यसैगरी सशर्त, समपूरक तथा विशेष अनुदानअन्तर्गत प्राप्त रकम आर्थिक वर्षभित्र खर्च नभएमा अनिवार्य रूपमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था पनि स्मरण गराइएको छ। सामाजिक सुरक्षा भत्ता वापतको रकम भने असार १५ गतेभित्र पूर्ण रूपमा वितरण गरिसक्नुपर्ने उल्लेख गरिएको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय बाराका प्रमुख कोष नियन्त्रक राधेश्याम गिरीद्वारा हस्ताक्षरित पत्रमा आर्थिक अनुशासन, पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सम्बन्धित सबै निकायलाई समयमै आवश्यक प्रक्रिया पूरा गर्न आग्रह गरिएको छ। हरेक वर्ष आर्थिक वर्षको अन्तिम समयमा हुने अत्यधिक खर्च, हतारमा योजना सम्पन्न गर्ने प्रवृत्ति तथा भुक्तानी व्यवस्थापनमा देखिने कमजोरीप्रति आलोचना भइरहेका बेला यसपटक समयमै नियन्त्रण र वित्तीय अनुशासन कायम गर्न प्रशासनिक निकाय सक्रिय देखिएको छ ।

# गौर आँखा अस्पतालको महाअभियानः चमनपुरमा ४३५ जनाको आँखा परीक्षण ५८ मा मोतिबिन्दु फेला

*शु.आ. सम्बाददाता*
*रौतहट, ०३ असार*

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखाको नमुना महाअभियान अन्तर्गत रौतहटको वृन्दावन नगरपालिकामा बृहत् निःशुल्क आँखा जाँच तथा उपचार शिविर सम्पन्न भएको छ । वृन्दावन नगरपालिका ६ चमनपुरमा बुधबार आयोजित उक्त शिविर रौतहट समाज सेवा यात्राका मोहम्मद वलिगुदीन तथा दहेजमुक्त अभियान नेपाल वृन्दावन-६ को विशेष पहल एवं समन्वयमा सञ्चालन गरिएको थियो । शिविरमा स्थानीय तथा आसपासका क्षेत्रका गरी कुल ४३५ जना सेवाग्राहीले आँखा परीक्षण गराउनुका साथै आँखा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक परामर्श सेवा लिएका थिए । अस्पताल प्रशासनका अनुसार जाँच गराएका मध्ये स्वास्थ्य समस्या देखिएका २६७ जना बिरामीलाई निःशुल्क औषधि वितरण गरिएको छ । परीक्षणका क्रममा ५८ जना बिरामीमा मोतिबिन्दुको गम्भीर समस्या फेला परेको र उनीहरूलाई लेन्ससहितको निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको छ । छनोटमा परेका ती सबै बिरामीहरूलाई अस्पतालसम्म आउने-जाने यातायातको उचित व्यवस्था मिलाइएको छ। अस्पतालको योजना अनुसार बिहीबार गौर आँखा अस्पताल पुरेनवामा उनीहरूको लेन्ससहितको




निःशुल्क शल्यक्रिया गरिने जनाए ।

दक्ष स्वास्थ्य टोलीद्वारा सेवा प्रवाह

नेपाल नेत्रज्योति संघ गौर आँखा अस्पतालका प्रशासक नागेश्वर प्रसाद चौधरीका अनुसार शिविरमा अस्पतालका दक्ष प्राविधिक एवं स्वास्थ्यकर्मीहरूको टोली खटिएको थियो । जस अन्तर्गत नेत्र अधिकृत शिवकुमार यादव, अमित दास, मुकेश झा र पाण्डेसहित सात सदस्यीय टोलीले बिरामीहरूको आँखा परीक्षण तथा उपचार सेवा प्रदान गरेको थियो । गौर आँखा अस्पतालले आफ्नो नमुना महाअभियानलाई निरन्तरता दिँदै आगामी असार ७ गते आइतबार रौतहटको माधवनारायण नगरपालिकामा पनि विशेष शिविर सञ्चालन गर्ने निश्चित गरेको छ। माधवनारायण नगरपालिका अन्तर्गतको माध्यमिक विद्यालय मधोपुरमा आयोजना हुने उक्त शिविर हिन्दु सम्राट सेना नेपाल र माधवनारायण नगरपालिकाको संयुक्त आयोजना तथा डक फाउन्डेसनको आर्थिक सहयोगमा सञ्चालन हुन लागेको अस्पताल प्रशासनले जनाए । अस्पतालले सञ्चालन गरेको यस महाअभियानप्रति स्थानीय तह नागरिक समाज र विभिन्न सामाजिक संस्थाहरूको बढ्दो सहकार्य एवं सहभागिताले अभियानलाई थप प्रभावकारी विश्वसनीय र सर्वसुलभ बनाएको स्थानीय सरोकारवालाहरूले विश्वास व्यक्त गरेका छन् ।

## जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
घ्याङडाँडा, पर्सा

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

# १८ वर्षपछि हत्याका फरार आरोपी पक्राउ, अदालतद्वारा पुर्पक्षका लागि थुनामा पठाउने आदेश

*शु.आ. सम्बाददाता*
*कलैया, ०३ असार*

बारा जिल्लामा १८ वर्षअघि भएको एक जघन्य हत्या घटनाका फरार आरोपी अन्ततः प्रहरी नियन्त्रणमा आएका छन् । लामो समयदेखि फरार रहेका आरोपीलाई पक्राउ गरी अदालत उपस्थित गराइएकोमा जिल्ला अदालत बाराले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ ।

प्रहरीका अनुसार साविक बतरा गाविस-४ (हाल फेटा गाउँपालिका-४, बत्रा टोल) निवासी ४५ वर्षीय गोपाल मुखिया बिनको हत्या प्रकरणमा संलग्न रहेको अभियोगमा ३८ वर्षीय विनेश महतो पक्राउ परेका हुन् । वि.सं. २०६५ साल कार्तिक २६ गते पुरानो रिसइबीका कारण प्रतिवादीहरूले गोपाल मुखिया बिनको घाँटी रेटी हत्या गरेका थिए । घटनापछि आरोपी फरार रहँदै आएका थिए। प्रहरीले लामो समयसम्म खोजी कार्य जारी राखेको र अन्ततः २०८३ साल जेठ ६ गते महतोलाई पक्राउ गर्न सफल भएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार पक्राउ परेका महतोमाथि आवश्यक अनुसन्धान प्रक्रिया पूरा गरी अदालतमा पेश गरिएको थियो । जिल्ला अदालत बाराले असार २ गतेको आदेशमार्फत उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो । प्रहरीका अनुसार पुराना तथा फरार अपराधीहरूको खोजी कार्यलाई विशेष अभियानका रूपमा अगाडि बढाइएको छ । वर्षौं पुराना घटनामा समेत अनुसन्धानलाई निरन्तरता दिँदै फरार आरोपीलाई कानुनी दायरामा ल्याउने कार्य जारी रहेको प्रहरीले जनाएको छ । १८ वर्षपछि हत्या घटनाका आरोपी पक्राउ परेपछि स्थानीयवासीले ढिलै भए पनि पीडित परिवारले न्याय पाउने अपेक्षा व्यक्त गरेका छन् । प्रहरीले घटनासँग सम्बन्धित अन्य पक्षबारे समेत थप अनुसन्धान भइरहेको जनाएको छ ।

# पटेर्वा सुगौली गाउँपालिकाको नीति तथा कार्यक्रममा स्वास्थ्य, कृषि र पूर्वाधारलाई उच्च प्राथमिकता

*हरिकिशोर शर्मा*
*पर्सा, ०३ असार*

पर्साको पटेर्वा सुगौली गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य, शिक्षा, कृषि, सिँचाइ, रोजगार तथा पूर्वाधार विकासलाई केन्द्रमा राख्दै वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बुधबार सम्पन्न १७औँ गाउँसभा तथा अधिवेशनमा गाउँपालिकाकी उपाध्यक्ष ममता महतोले नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् ।

गाउँपालिकाले "स्थानीय स्रोत, स्थानीय रोजगारी – एक गाउँ, एक उद्यम, एक पहिचान, हाम्रो अभियान" भन्ने मूल नारालाई आधार बनाएर आगामी वर्षका विकास तथा आर्थिक गतिविधि सञ्चालन गर्ने नीति लिएको जनाएको छ । गाउँपालिकाले कम स्रोतबाट अधिकतम नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने तथा छिटो परिणाम दिने योजनालाई प्राथमिकतामा राखेको उपाध्यक्ष महतोले बताइन् ।




उनले कार्यान्वयन गर्न नसकिने महत्वाकांक्षी योजना ल्याएर नागरिकमा भ्रम सिर्जना गर्नु भन्दा व्यावहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिइएको स्पष्ट पारिन् । गाउँपालिकाको ऐतिहासिक तथा धार्मिक महत्वलाई ध्यानमा राख्दै पर्यटन तथा धार्मिक क्षेत्रको विकासमा समेत जोड दिइएको जनाइएको छ ।

गाउँसभा अधिवेशनलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष दिनेश कुमार चौधरीले चालु आर्थिक वर्ष २०८२/०८३ मा हासिल भएका उपलब्धिबारे जानकारी गराउँदै ग्रामीण क्षेत्रमा पहिलो पटक १५ शैयाको

बाँकी तेश्रो पृष्ठमा

बिधालय कोड :-३२०८९०००२ , पान नं.२०१२५५३८८

## श्री माध्यमिक बिधालय पेटभर्वा,रौतहट

Shree sec.school petbharwa, rautahat
फतुवा विजयपुर न.पा. ६ पेटभर्वा, रौतहट (नेपाल)
Phatuwa Bijaypur-6 petbharwa, rautahat (Nepal)
स्था :-२०४९ Estd:-2049

पत्र स.(Letter no.) :-२०८२/०८३ मिति(Date ):.२०८/०३ /०२
चलानी नं.(Dispatch no.):-

**विषय - शिलबन्दी बोलपत्र ठेक्का सम्बन्धी ७ दिने सूचना**
**दोस्रो पटक प्रकाशन मिति २०८३/०३ /२**

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०२ /२७ गते को बैठक निर्णयानुसार विद्यालय कम्पाउण्डको वरिपरि रहेको सपेता (मसला) १२२ थान बोलपत्र बढाबढमा बिक्री गर्नु पर्ने भएकोले तपसिलको सेवा र शर्त अनुसार विद्यालयको प्रशासन शाखामा बोलपत्र खोल्ने भएकोले इच्छुक फर्म / कम्पनी / संघसंस्था / व्यक्तिहरूले सूचना प्रकाशन भएको मितिले ७ (पन्ध) दिन भित्र बोल पत्र शिलबन्दी दर्ता गराउन दोस्रो पटक सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिलका शर्तहरू

१. ठेक्का नं.: ०१/२०८२/०८३
२. सिलबन्दी दर्ता हुने मिति र समय: २०८३/०३/०८ गते समय २:१५ बजे।
३. सिलबन्दी बोलपत्र खोल्ने समय: दिउँसो ३:३० बजे।
४. न्यूनतम रकम: रु ५,००,०००/- (पाँच लाख) मात्र हुनेछ।
५. आफूले कबुल अंक गरेको रकमको १०% (दश प्रतिशत) धरौटी रकम यस विद्यालयको नाउँमा रहेको रा.बा. बैंक खाता नं १२१०१००००८२८००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर समेत बोलपत्र फारम साथ संलग्न गरि पेस गर्नु पर्ने छ।
६. फर्म / कम्पनी / संघसंस्था / व्यक्तिहरूको दर्ता प्रमाणपत्रको फोटोकॉपी - १ प्रति
७. पान नं. / भ्याट दर्ता प्रमाणपत्रको फोटोकॉपी - १ प्रति
८. आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपि - १ प्रति
९. रीतपूर्वकको कागजात प्रमाण बोलपत्र फारम संग संलग्न नगरेको पाइएमा बोलपत्र फारम रद्द गरिनेछ।
१०. यस सिलबन्दी ठेक्कामा उल्लेखित भए गरेको बमोजिम हुने तथा उल्लेख नभएको कुरामा प्रचलित आर्थिक खरिद ऐन बमोजिम हुनेछ।
११. निवेदन दर्ता दस्तुर शुल्क: रु १००० (एक हजार मात्र) हुनेछ ।

सम्पर्क: मोबाइल नम्बर: ९८०७२५५२४०, ९८०४२२२५१८

राधेश्याम प्रसाद यादव
प्रधानाध्यापक
श्री माध्यमिक विद्यालय पेटभर्वा
२०८३/०३/०७
श्री मा विद्यालय पेटभर्वा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा